नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

विज्ञप्ति

नेपालीहरुको प्रमुख रोजगार गन्तव्यको रुपमा रहेका मध्यपूर्वका देशहरुमा धेरै संख्यामा नेपाली श्रमिकहरु कार्यरत रहेको विदितै छ। मध्यपूर्वमा विकसित पछिल्लो परिस्थितिबाट नेपाली नागरिकहरु प्रभावित हुनसक्ने विषयमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय चनाखो रहेको एवम् प्रभावित नेपाली नागरिकहरुको राहत तथा उद्दारमा सबै प्रकारको उपाय अवलम्बन गरिने विश्वास दिलाउन चाहन्छौं ।

यसै सन्दर्भमा पछिल्लो परिस्थिति सुधार नहुँदासम्म र युद्धको अवस्था समास नहुन्जेलसम्म परराष्ट्र मन्त्रालय र सम्बन्धित क्षेत्रमा रहेका नियोगहरुको आधिकारिक सूचनामा मात्र विश्वास गर्न र गन्तव्य मुलुकले जारी गरेका सुरक्षा सावधानीहरूको पालना एवम् नेपाली कुटनैतिक नियोग एवम् कन्सुलरसँग नियमित सम्पर्कमा रहन र राहत, उद्धारको परिस्थिति भएमा नेपाल सरकारले तोकेका आधिकारिक नम्बरमा यथाशीघ्र सम्पर्क गर्न समेत सबै नेपाली नागरिकहरुलाई मन्त्रालय हार्दिक अनुरोध गर्दछ। साथै, यस विकसित परिस्थितिको सहजीकरण गर्न सबै कुटनीतिक नियोग, नेपाली आप्रवासी श्रमिकहरु, गैर आवासीय नेपाली संघ, वैदेशिक रोजगार व्यवसायी संघ एवम् अन्य सरोकारवाला निकायहरुलाई समन्वयका लागि समेत अनुरोध गर्दछौ ।अन्तमा, कुनै विशेष समस्या तथा जानकारीका लागि मन्त्रालयको श्रमाधान कल सेन्टर ११४१ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गर्दछौं ।

मिति २०८२/११/१७
११४६ चिल्लाथ्व त्रयोदशी

(मेघनाथ रिमाल)
सहायक प्रवक्ता